## असिना र बालीहरु – सबिना सिन्धु

मेरो नेपालमा
मेघ गर्जिन्छ
असिनाहरु खस्छन्
शान्तिको पगरी भिज्न थाल्छ ।
म अनभिज्ञता र अज्ञानताको दोधारमा उभिन्छु ।

असिनाका चोइटाहरुलाई
मेरो छाताले थेग्न सकेन ।
हातहरु लर्बराए ।
ममताको छाहारीले छोप्न
खोज्दा खोज्दै
सानो छोराको छाति माथि
गोली बर्सियो ।

परिस्थितिले चुटिए
मेरो देशका घाँसेबालिहरु
हावा– हुरीले,
स्वविवेकको रेसम फिरीरी गाउन सकेन ।
हाँडीगाउँका ज्यापू दाइ
खर्पन बोकेर निस्किए,
टन्न उमारेका सागहरु बोकेर ।
.........तिनमा असिनाका चोक्टाहरु थिए
विषादीहरु छरपष्टिएछन् माटोमा,
परिपक्वताको मोती फल्न सकेन ।

मोतीहरु सेता हुन्छन्
मैले खेल्ने गोजिमा राखेका गट्टाहरु
ती पनि सेतै छन् ।

ऊ पर सेतो गुलाफ
सेतै असिनाबाट चुँडिएको छ ।
असिनाबाट रुजेर
म पनि बाथ र निमोनियाबाट पीडित छु ।

त्यसैले म ,
मुट्ठी खोलेर सभ्यताको दृष्टि चाहन्छु ।
आवेगका असिनाहरु
तरल पानीमा परिणत गर्न चाहन्छु ।
माटो भित्र जराहरुमा
शान्तिपूर्ण नेपाल चाहन्छु ।

..........म किसान हुँ
माटोको उर्बरता माथि
कसैले शङ्का नउठाओस् ।